# बबई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र सङ्ख्या :-

चलानी नं. :-

मितिः २०८३।०१।३०

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री सामुदायिक तथा संस्थागत विद्यालय (सबै),
बबई गाउँपालिका, दाङ।

प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रीपरिषदको मिति २०८२ चैत्र २२ गतेको निर्णयको एवम् शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, मिति २०८३।०१।२८ गतेको निर्णय कार्यान्वयनको सन्दर्भमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ८७, मिति २०८३/०१/२९ को प्राप्त पत्रानुसार शैक्षिक सत्र २०८३ मा हप्तामा २ दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिने निर्णय भए वमोजिम स्वीकृत पाठ्यक्रमले तोके वमोजिम तपसिल अनुसार व्यवस्था मिलाई कार्यान्वयन गर्न गराउनु हुन अनुरोध छ।

१. प्रत्येक दिन अनिवार्य रूपमा १५ मिनेट प्रार्थना समयमा विद्यार्थीहरूलाई विद्यागत रूपमा रचनात्मक, सिर्जनात्म कार्यकलाप र पिटिपरेड सञ्चालन गर्ने, साथै ३० मिनेट खाजा समय निर्धारण गरी खाजाको प्रबन्ध मिलानउने ,

२. सोमबारदेखि शुक्रबारसम्म पूरा समय पठनपाठनसँग सम्बन्धित क्रियाकलाप सञ्चानल गर्ने, साथै शिक्षक तथा विद्यालय कर्मचारीहरूको दैनिक बिहान १० बजे र साँझ ४ बजे हाजिरी अध्यावधिक गर्ने गराउने,

३. हिउँदे/वर्षे बिदाको अविधि साविक ४५ दिन रहेको र उक्त अवधी ३० दिन मात्र कायम भई प्राप्त पत्रानुसार हिउँदे/वर्षे बिदाको ३० दिन अवधिको कार्ययोजना गाउँ शिक्षा समितिको बैठकबाट तर्जुमा गरिने, साथै विद्यालयले प्रयोग गर्दै आएको ५ दिने स्थानीय बिदाको प्रयोग बबई गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखासंग समन्वय गरेर मात्र गर्ने,

४. पहिलो र दोस्रो त्रैमासिकमा गरिने आन्तरिक मूल्याङ्कनलाई पठनपाठन भएकै दिन वा पठनपाठनमा कुनै असर नपर्ने गरी सञ्चालनको व्यवस्था मिलाउने, अन्तिम परीक्षा तथा नतिजा प्रकासनका लागि शैक्षिक सत्रको अन्तिम १२ दिनलाई उपयोग गर्न सकिने,

५. स्वीकृत पाठ्यक्रम एवम् निर्धारण गरिएका सिकाइ उपलब्धिका आधारमा सिकाइ व्यवस्थापन गर्न साप्ताहिक रूपमा समुदाय एवम् परिवारका क्रियाकलाप सन्दर्भ सामग्री तथा सूचना प्रविधिको उपयोगसँग सम्बन्धित बहुविषयमा आधारित परियोजना तथा प्रयोगात्मक कार्य शुक्रवार दिने व्यवस्था गर्ने,

६. परियोजना तथा प्रयोगात्मक कार्यका लागि पाठ्यक्रम विकास केन्द्रको वेवसाइटमा रहेको परियोजना तथा प्रयोगात्मक कार्य सञ्चालन सहजीकरण पुस्तिका २०८२ लाई आधार मानि विद्यालय र शिक्षकले स्वीकृत पाठ्यक्रमको विषयक्षेत्र समेटी परियोजना कार्य निर्माण गरी कार्यान्वयन गर्ने।

बोधार्थः

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
घोराही, दाङ,

श्री वडा कार्यालय (सबै)
बबई गाउँपालिका, दाङ,:- कार्यान्वयनको लागि आवश्यक समन्वय गनु हुन।

श्री वडा शिक्षा समिति (सबै)
बबई गाउँपालिका, दाङः- समितिको बैठक बसी त्रैमासिक रूपमा प्रतिवेदन पेश गर्नु हुन।

श्री सूचना प्रविधि अधिकृतज्यू
बबई गाउँपालिका हापुरे, दाङः- सूचनालाई वेबसाईटमा अप्लोड र उल्लेखित निकायहरमा सम्प्रेषण गर्नु हुन।

२४/०१/८२

सरस्वती भण्डारी
शिक्षा अधिकृत

सरस्वती भण्डारी
शिक्षा अधिकृत


"हाम्रो उत्पादन हाम्रो वजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार"
फोन नं.०८२-४०३०६९(अध्यक्ष), ०८२-४०३०७० (उपाध्यक्ष), ०८२-४०३०६८ (प्रमुख प्रशासकीय अधिकृत)
इमेल : ito.babaimun@gmail.com, info@babaimun.gov.np
वेबसाईट : https://babaimun.gov.np